**श्री रबिना थापा, श्री डा बद्री केसी, श्री कुल आचार्य**
**अध्यक्ष, गैरआवासीय नेपाली संघ**
**श्री गौरीराज जोशी, श्री डा केशव पौडेल**
**महासचिव, गैरआवासीय नेपाली संघ**

**मार्फत**
**संघका साधरणसभाका प्रतिनिधीहरु**

**विषयः विधान संशोधन सुझाव बारे ।**

गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषदको विधानमा आवश्यकतानुसार संशोधन प्रस्ताव तयार गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद्ले एक विधान संशोधन समिति गठन गरेको छ । यस समितिले मूलतः १०औ महाधिवेशनमा देखिएका प्रतिनिधी छनोट, सदस्यता व्यवस्थापन र निर्वाचन सम्बन्धि बिषयमा छलफल गरी विधान संशोधनको प्रारम्भिक प्रस्ताव पेश गरेको छ । यस संशोधन प्रस्तावमा राष्ट्रिय र अन्तर्राष्ट्रिय समन्वय परिषद, अभियन्ता, शुभचिन्तक र आम गैरआवासीय नेपालीहरुबाट आएका सुझावहरु संकलन गरी अन्तिम मस्यौदा तयारी गरी अक्टोबर १०-१३ मा हुने साधारणसभा भन्दा पहिले यहाँहरु समक्ष पुनः पेश गरिने समेत जानकारी गराइन्छ ।

यस समिति अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरुको निर्वाचन सम्पूर्ण पञ्जिकृत सदस्यहरूबाट अनलाईन मार्फत गर्नु पर्ने तिर सकरात्मक रहेको छ । यसको लागि निम्न न्युनतम पूर्वाधारहरु  तयार गर्नु पर्ने छ ।
१) सदस्य स्वयमले सदस्यता शुल्क तिरी सदस्य बन्न सुनिश्चित गर्ने ।
२) सदस्य बन्न योग्यता पुगेको प्रमाणित हुने कागजात (सम्बन्धित देशमा बसोबास भएको प्रमाणित हुने व्यक्तिगत परिचयपत्र)  एमआईएस प्रणाली मार्फत अन्तर्राष्ट्रिय समन्वय परिषदमा पेश गर्ने र उनीहरुको कागजात स्वतन्त्र रुपमा चेकजाँच गर्ने व्यवस्था गर्ने ।
३) आफै सदस्य बन्ने र आफै मतदान गर्ने व्यवस्थाको सुनिश्चित गर्न फेस भेरिफिकेसन मार्फत सदस्य बन्न र मतदान गर्न अनिवार्य गर्ने ।

२०२३ को निर्वाचनमा माथिका प्रयोगहरू परिक्षण गरेर २०२५ बाट अनलाईन मार्फत प्रत्यक्ष मतदान गर्दा सुरक्षित हुने समितिको सुझाव छ ।

संशोधनको प्रस्तावको सारांशः

१)	१०औ महाधिवेशनमा प्रतिनिधि छनोटमा देखिएका अस्पष्टता र व्यवहारमा उतार्न असहज भएका प्रावधानहरूलाई संवोधन गरिएको छ।
२)	२५% प्रतिनिधिहरु निर्वाचित हुने व्यवस्था हटाइएको ।
३)	राष्ट्रिय समन्वय परिषदका नवनिर्वाचित अध्यक्षहरु र अन्तर्राष्ट्रिय समन्वय परिषदका वर्तमान संरक्षक, सल्लाहकार, संघलाई उल्लेखनीय आर्थिक सहयोग गर्ने व्यक्तिहरु, पूर्व अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयका सदस्यहरु लाई स्वतः प्रतिनिधी हुने नयाँ व्यवस्था गरिएको छ ।
४)	राष्ट्रिय समन्वय परिषदका अध्यक्षहरुलाई पदेन अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्य हुने व्यवस्था गरिएको छ।
५)	अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारीको संख्या बढाइएको छ, दोश्रो पुस्ताको गैरआवासीय नेपाली संयोजकको थप पद सृजना गरिएको छ।
६)	५००० भन्दा बढि सदस्य हुने क्षेत्रबाट थप क्षेत्रीय उप संयोजकको पद थपिएको छ।
७)	संरक्षक परिषदको नियुक्ति र अधिकारमा संशोधन गरिएको छ।
८)	साधारणसभा र महाधिवेशन दुइ प्रकारको संरचना प्रस्ताव गरिएको छ।
९) मतदान अनलाईनबाट वा काठमाडौमा उपस्थित भएर ईलेक्ट्रिक रुपमा गर्न सकिने व्यवस्था गरिएको छ।

विधान संशोधन समिति २०२१-२३
१० सेप्टेम्बर २०२२

## गैरआवासीय नेपाली संघको विधान २००३ (२०२१ को संशोधन सहित)
## १० अक्टोवरमा आयोजित साधरणसभामा प्रस्तुत हुने संशोधनको प्रस्ताव

| दफा÷ उपदफा | साविकको विधान २०२१ मा व्यवस्था | संशोधित प्रस्ताव | संशोधनका कारण तथा सुझाव |
|---|---|---|---|
| १३.७ | अन्तर्राष्ट्रिय महाधिवेशनमा मतदान अधिकार सहित भाग लिनका लागि सम्बन्धित राष्ट्रिय समन्वय परिषद्ले अनुसूची ६ अनुसारको संख्यामा प्रतिनिधि चयन गर्ने छन्।<br><br>प्रतिनिधि चयन प्रक्रिया निम्नानुसार हुनेछ।<br>क) राष्ट्रिय महाधिवेशनबाट २५ प्रतिशत प्रतिनिधिहरु निर्वाचित हुनेछन् । महाधिवेशन प्रतिनिधिका निम्ति दिइने उम्मेदवारीलाई अन्य पदको उम्मेदवारीले बाधा पार्ने छैन्।<br>ख) महिला, युवा सहित गैरआवासीय नेपाली अभियानमा उल्लेख्य योगदान गरेका व्यक्तिहरु मध्येबाट १० प्रतिशत राष्ट्रिय समन्वय परिषद्ले सिफारिस गर्ने छ ।<br>ग) अन्तर्राष्ट्रिय समन्वय परिषद् र राष्ट्रिय समन्वय परिषद्का वर्तमान र विगतमा काम गरिसकेका व्यक्तिहरुबाट ६५% प्रतिनिधि चयन हुने छन् । यी प्रतिनिधीहरुको चयन अनुसूची ६(क) अनुसार गर्नु पर्नेछ । अनुसुचीको व्यवस्था अनुसार।<br>घ) अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय (आइइएस) को | अन्तर्राष्ट्रिय महाधिवेशनमा मतदान अधिकार सहित भाग लिनका लागि सम्बन्धित राष्ट्रिय समन्वय परिषद्ले अनुसूची ६ अनुसारको संख्यामा प्रतिनिधि चयन गर्ने छन्। प्रतिनिधिहरुको छनोट, प्रमाणिकरण लगायतका अन्य व्यवस्था ‘अन्तर्राष्ट्रिय प्रतिनिधि व्यवस्थापन सम्बन्धि नियमावली’ अनुसार हुनेछ।<br>प्रतिनिधि छनोटदेखि राष्ट्रिय समन्वय परिषदका सदस्यता व्यवस्थापन र निर्वाचन प्रक्रियाहरूको व्यवस्थापन तथा सुपरिवेक्षण गर्न एक ‘सदस्यता व्यवस्थापन र प्रतिनिधि छनोट समिति’ गठन गरिनेछ । ‘सदस्यता वितरण र प्रतिनिधि छनोट समिति’ मा सम्बन्धित राष्ट्रिय समन्वय परिषदका बाहलबाला अध्यक्ष, सम्बन्धित क्षेत्रका क्षेत्रीय संयोजक, अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले सिफारिस गरेका ३ जना सदस्यहरु रहनेछन्।<br><br>प्रतिनिधि चयन प्रक्रिया निम्नानुसार हुनेछ।<br>क) अन्तर्राष्ट्रिय समन्वय परिषद् र राष्ट्रिय समन्वय परिषदमा एक कार्यकाल काम गरि सकेका व्यक्तिहरुबाट ९०% प्रतिनिधि चयन हुने छन्।<br>। यी प्रतिनिधीहरुको चयन अनुसूची ६(क) अनुसार | १०औ अन्तर्राष्ट्रिय महाधिवेशनका देखिएका अस्पष्टता र गुनासोलाई संवोधन गर्नका लागि। |

| | | | |
|---|---|---|---|
| | सिफारिसमा संघको अध्यक्षले संसारभरबाट बढीमा १५ जना प्रतिनिधि मनोनित गर्नेछन्। | उल्लेख भएको प्राथमिकताको आधारमा गर्नु पर्नेछ।<br><br>ख) गैरआवासीय नेपाली संघसँग विभिन्न किसिमले आवद्द भइ योगदान गरेका व्यक्तीहरु मध्यबाट बाँकि १०% प्रतिनिधिहरुको छनोट राष्ट्रिय समन्वय परिषदले गर्नेछ।<br><br>ग) अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय (आइइएस) को सिफारिसमा संघको अध्यक्षले संसारभरबाट बढीमा ३५ जना प्रतिनिधि मनोनित गर्नेछन्।<br>यस्ता प्रतिनिधि मध्य १० जना प्राज्ञिक र पेशागत व्यक्तीहरु (अन्तर्राष्ट्रिय समन्वय परिषद्, राष्ट्रिय समन्वय परिषद्का पेशागत र प्राविधिक समितिमा बसेर काम गरेका सहित) हुनु पर्नेछ।<br><br>घ) अन्तर्राष्ट्रिय समन्वय परिषदका बहालवाला पदाधिकारीहरु, सदस्यहरु, संरक्षकहरु, सल्लाहकारहरु, मानार्थ परिषद सदस्यहरु र नवनिर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्य र राष्ट्रिय समन्वय परिषदका नव निर्वाचित र निवर्तमान अध्यक्षहरु स्वतः प्रतिनिधि हुनेछन्।<br>ङ) अन्तर्राष्ट्रिय समन्वय परिषदलाई पछिल्लो कार्यकालमा रु १० लाख बराबर आर्थिक सहयोग गरेका व्यक्तीहरु आसन्न महाधिवेशनमा स्वतः प्रतिनिधि हुनेछन्।<br><br>च) पूर्व अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयका सदस्यहरु। | |

| | | | |
|---|---|---|---|
| | | दफा (ग-च) का प्रतिनिधिहरु अनुसूची ६ (क) मा तोकेको सँख्या बाहेकका हुनेछन् । यस्ता प्रतिनिधिहरुको आवेदन अन्तर्राष्ट्रिय समन्वय परिषदले लिनेछ । योग्य व्यक्तीहरुको सुची अन्तर्राष्ट्रिय समन्वय परिषद सचिवालयले अध्यावधिक गरेर प्रकासित गर्नेछ । | |
| १४. | **अन्तर्राष्ट्रिय महाधिवेशन र वार्षिक साधरणसभाका कार्यहरु :**<br>संघको साधरणसभा प्रत्येक वर्ष गरिने छ। अन्तर्राष्ट्रिय महाधिवेशन प्रत्येक दुई वर्षमा गरिनेछ। महाधिवेशन हुने वर्षको साधारणसभा सोही महाधिवेशनमा गरिनेछ । अन्तर्राष्ट्रिय महाधिवेशनले अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारीहरुको निर्वाचन गर्नेछ।<br>महाधिवेशन र साधारणसभाका प्रतिनिधिहरु दफा १३.७ अनुसार हुनेछन् । महाधिवेशन नहुने वर्षमा गत महाधिवेशनका प्रतिनिधिहरु नै साधारणसभाका प्रतिनिधि हुने छन् । प्रतिनिधि हुन गैरआवासीय नेपालीको हैसियत कायम रहेको हुनुपर्नेछ। महाधिवेशन र साधारणसभाको सूचना र छलफलका विषयहरु कम्तिमा एक महिना अगाडि सार्वजनिक गर्नु पर्ने छ।<br>महाधिवेशन तथा साधारणसभामा उपस्थिति जनाउने संख्यालाई गणपुरक संख्या मानिनेछ। महाधिवेशन तथा साधरणसभा अनलाईन अथवा भौतिकरुपमा उपस्थित भई गर्न सकिनेछ।<br>**साधरणसभाको कार्यहरु देहाय बमोजिम हुने छन्** | **अन्तर्राष्ट्रिय महाधिवेशन र वार्षिक साधरणसभाका कार्यहरु :**<br>संघको साधरणसभा प्रत्येक वर्ष गरिने छ। अन्तर्राष्ट्रिय महाधिवेशन प्रत्येक दुई वर्षमा गरिनेछ। महाधिवेशन हुने वर्षको साधारणसभा सोही महाधिवेशनमा गरिनेछ । अन्तर्राष्ट्रिय महाधिवेशनले अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारीहरुको निर्वाचन गर्नेछ।<br>महाधिवेशनका प्रतिनिधिहरु दफा १३.७ अनुसार र साधरणसभाका प्रतिनिधि १४.१ अनुसार चयन हुनेछन्। ~~महाधिवेशन नहुने वर्षमा गत महाधिवेशनका प्रतिनिधिहरु नै साधारणसभाका प्रतिनिधि हुने छन् ।~~ प्रतिनिधि हुन गैरआवासीय नेपालीको हैसियत कायम रहेको हुनुपर्नेछ। महाधिवेशन र साधारणसभाको सूचना र छलफलका विषयहरु कम्तिमा एक महिना अगाडि सार्वजनिक गर्नु पर्ने छ।<br>महाधिवेशन तथा साधारणसभामा उपस्थिति जनाउने संख्यालाई गणपुरक संख्या मानिनेछ।<br>। महाधिवेशन तथा साधरणसभा अनलाईन अथवा भौतिकरुपमा उपस्थित भई गर्न सकिनेछ। भौतिक रुपमा उपस्थित हुन नसक्ने प्रतिनिधिहरुको लागि | संघको नीति तय गर्ने, बिधान संशोधन र कार्यक्रमहरुको तयका लागि साधारण सभा गर्न पर्ने भएको तथा गैरआवासीय नेपाली सम्बन्धि नियमावली, २०६६ को नियम १३ अनुरुप एकरुपता कायम गर्न। |

| | | | |
|---|---|---|---|
| | १४.१ अन्तर्राष्ट्रिय समन्वय परिषदबाट सञ्चालित क्रियाकलापहरुलाई मूल्यांकन गर्ने र अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई निर्देशन दिने।<br>१४.२ संघको उद्देश्य प्राप्तिको लागि संघको नीतिहरु तय गर्ने।<br>१४.३ आवश्यकता अनुसार संघको विधानको संशोधन गर्ने।<br>१४.४ संघको नीति तथा कार्यक्रमहरुको निर्माण र विकास गर्ने।<br>१४.५ विषयगत तथा क्षेत्रीय सम्मेलनहरु, संघका विभिन्न विभागहरु, समितिहरु एवं राष्ट्रिय समन्वय परिषद्का प्रतिवेदनहरुलाई अनुमोदन गर्ने।<br>१४.६ अन्तर्राष्ट्रिय समन्वय परिषद्का विभिन्न प्रतिवेदनहरु, द्वय–वार्षिक क्रियाकलापहरु र लेखा परीक्षण प्रतिवेदनलाई अनुमोदन गर्ने।<br>१४.७ लेखा परिक्षकको नियुक्ति गर्ने।<br>१४.८ निर्वाचन समिति, अनुशासन समिति, विधान व्याख्या समितिको आवश्यकता अनुसार चयन गर्ने । कारणबस चयन हुन संभव नभएको स्थितिमा अन्तर्राष्ट्रिय समन्वय परिषदले चयन गर्ने छ।<br>१४.९ साधारणसभाको कामकार्वाहीको विवरण (माइन्युट) को प्रमाणिकरण वार्षिक साधारणसभाको अध्यक्षता गर्ने व्यक्तिले गर्ने छ। | अनलाईनलाईन मार्फत साधरणसभामा भाग लिन र निर्वाचनमा मतदानको व्यवस्था गर्नु पर्नेछ ।<br>**साधरणसभाको कार्यहरु देहाय बमोजिम हुने छन्**<br>१४.१ अन्तर्राष्ट्रिय समन्वय परिषदबाट सञ्चालित क्रियाकलापहरुलाई मूल्यांकन गर्ने र अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई निर्देशन दिने।<br>१४.२ संघको उद्देश्य प्राप्तिको लागि संघको नीतिहरु तय गर्ने।<br>१४.३ आवश्यकता अनुसार संघको विधानको संशोधन गर्ने।<br>१४.४ संघको नीति तथा कार्यक्रमहरुको निर्माण र विकास गर्ने।<br>१४.५ विषयगत तथा क्षेत्रीय सम्मेलनहरु, संघका विभिन्न विभागहरु, समितिहरु एवं राष्ट्रिय समन्वय परिषद्का प्रतिवेदनहरुलाई अनुमोदन गर्ने।<br>१४.६ अन्तर्राष्ट्रिय समन्वय परिषद्का विभिन्न प्रतिवेदनहरु, द्वय–वार्षिक क्रियाकलापहरु र लेखा परीक्षण प्रतिवेदनलाई अनुमोदन गर्ने।<br>१४.७ लेखा परिक्षकको नियुक्ति गर्ने।<br>१४.८ निर्वाचन समिति, अनुशासन समिति, विधान व्याख्या समितिको आवश्यकता अनुसार चयन गर्ने । कारणबस चयन हुन संभव नभएको स्थितिमा अन्तर्राष्ट्रिय समन्वय परिषदले चयन गर्ने छ।<br>१४.९ साधारणसभाको कामकार्वाहीको विवरण (माइन्युट) | |

| | | | |
|---|---|---|---|
| | | को प्रमाणिकरण वार्षिक साधारणसभाको अध्यक्षता गर्ने व्यक्तिले गर्ने छ।<br>**१४.१० साधारण सभाका प्रतिनिधि निम्नानुसार हुनेछन:**<br>१) अन्तराष्ट्रिय समन्वय परिषदका वर्तमान पदाधिकारी तथा सदस्यहरु<br>२) अन्तराष्ट्रिय समन्वय परिषदका संरक्षक, सल्लाहकारहरु र मानार्थ परिषद सदस्यहरु<br>३) अन्तराष्ट्रिय समन्वय परिषदका नव निर्वाचित सदस्यहरु।<br>४) नव निर्वाचित राष्ट्रिय समन्वय परिषदका अध्यक्ष, महासचिव र कोषाध्यक्ष तथा राष्ट्रिय समन्वय परिषदले तोकेका थप २ जना प्रतिनिधि।<br>५) निवर्तमान राष्ट्रिय समन्वय परिषदका अध्यक्ष, महासचिव र कोषाध्यक्ष।<br>६) अन्तराष्ट्रीय कार्यकारी सचिबालयको सिफारीसमा अध्यक्षले मनोनयन गरेका पेशागत, विज्ञ तथा महिला सहित ३५ जना प्रतिनिधीहरु।<br>साधरणसभाको प्रतिनिधि बन्न महाधिवेशन प्रतिनिधीमा अनिवार्य रुपमा छानिएको हुनु पर्नेछ। यस्ता प्रतिनिहरुको नामावली साधरणसभा भन्दा पहिले प्रकाशन गर्नु पर्नेछ। माथीको मापदण्डमा नपरेका दफा १३.७ अनुसारका महाधिवेशन प्रतिनिधीहरु साधरणसभामा पर्यवेक्षकको रुपमा भाग लिन सक्ने छन् तर उनीहरुको मतदाधिकार हुने छैन। | |

| | | | |
|---|---|---|---|
| | | साधरणसभाका प्रतिनिधिहरुको कार्यावधि अर्को महाधिवेशन सम्पन्न नभए सम्मका लागि हुनेछन् । | |
| १५. | **संघको विशेष साधारणसभा:** अन्तर्राष्ट्रिय समन्वय परिषद्को दुई तिहाई भन्दा बढीको सहमतिमा वा वार्षिक साधारणसभाको निर्देशनमा विशेष साधारणसभा बोलाउन सकिने छ । विशेष साधारणसभा सामान्यत निर्णय/निर्देशन गरेको तीन महिना भित्र गर्नु पर्ने छ । विशेष साधारणसभा को अध्यक्षता अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्षले गर्ने छन् । निजको अनुपस्थितिमा उपाध्यक्षहरु मध्येबाट एक जनाले विशेष साधारणसभाको अध्यक्षता गर्ने छन् । पछिल्लो महाधिवेशनका प्रतिनिधिहरु नै विशेष साधारणसभाका प्रतिनिधि हुनेछन् । प्रतिनिधि हुन गैरआवासीय नेपालीको हैसियत कायम रहेको हुनुपर्नेछ । विशेष साधारणसभाको सूचना र छलफलका विषयहरु एक महिना अगाडि सार्वजनिक गर्नु पर्ने छ ।<br>विशेष साधारणसभामा उपस्थिति जनाउने संख्यालाई गणपुरक संख्या मानिनेछ । विशेष साधारणसभा अनलाईन अथवा भौतिक रुपमा उपस्थित भई गर्न सकिनेछ । | **संघको विशेष साधारणसभा:** अन्तर्राष्ट्रिय समन्वय परिषद्को दुई तिहाई भन्दा बढीको सहमतिमा वा वार्षिक साधारणसभाको निर्देशनमा विशेष साधारणसभा बोलाउन सकिने छ । विशेष साधारणसभा सामान्यत निर्णय/निर्देशन गरेको तीन महिना भित्र गर्नु पर्ने छ । विशेष साधारणसभा को अध्यक्षता अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्षले गर्ने छन् । निजको अनुपस्थितिमा उपाध्यक्षहरु मध्येबाट एक जनाले विशेष साधारणसभाको अध्यक्षता गर्ने छन् । पछिल्लो साधरणसभा प्रतिनिधिहरु नै विशेष साधारणसभाका प्रतिनिधि हुनेछन् । प्रतिनिधि हुन गैरआवासीय नेपालीको हैसियत कायम रहेको हुनुपर्नेछ । विशेष साधारणसभाको सूचना र छलफलका विषयहरु एक महिना अगाडि सार्वजनिक गर्नु पर्ने छ ।<br>विशेष साधारणसभामा उपस्थिति जनाउने संख्यालाई गणपुरक संख्या मानिनेछ । विशेष साधारणसभा अनलाईन अथवा भौतिक रुपमा उपस्थित भई गर्न सकिनेछ । | साधरणसभा प्रतिनिधी व्यवस्था गरिएकोले महाधिवेशका प्रतिनिधिको सट्टा साधरणसभाका प्रतिनिधी भनि सचाइएको । |
| १६ | संरक्षक परिषद् : गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदमा रही योगदान गरिसकेका व्यक्तित्वहरुलाई गैरआवासीय नेपाली संघको बृहत्तरदायरा भित्र रही निरन्तर गैरआवासीय नेपाली संघ र गैरआवासीय नेपालीहरुको हितका लागि योगदान गर्न र गैरआवासीय नेपाली संघको विश्वव्यापी स्वरुपलाई | संरक्षक परिषद् : ~~गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदमा रही योगदान गरिसकेका व्यक्तित्वहरुलाई गैरआवासीय नेपाली संघको बृहत्तरदायरा भित्र रही निरन्तर गैरआवासीय नेपाली संघ र गैरआवासीय नेपालीहरुको हितका लागि योगदान गर्न र गैरआवासीय नेपाली संघको विश्वव्यापी स्वरुपलाई~~ | संरक्षक परिषदमा पुर्व अध्यक्षहरुको सहभागिताको आबश्यकता भएको र संघको उच्चतम निकाय साधरणसभा हुने मान्यता कायम राख्न । |

| | | | |
|---|---|---|---|
| | मजबुत पार्दै गैरआवासीय नेपालीहरुको एकताका लागि योगदान गर्न एक प्रमूख संरक्षक सहित बढिमा पाँच जना संरक्षक रहेको संरक्षक परिषद्को व्यवस्था हुनेछ । संरक्षक परिषद सदस्यहरुको चयन अन्तर्राष्ट्रिय समन्वय परिषद्ले दुई वर्षका लागि गर्नेछ ।<br><br>१६.१ **संरक्षक परिषद्को अधिकार :**<br>१६.१.१ गैरआवासीय नेपाली संघको हरेक तहका गतिविधिहरुमा सरिक हुन पाउने ।<br>१६.१.२ गैरआवासीय नेपाली संघको हरेक सूचनाहरु प्राप्त गर्न पाउने ।<br>१६.१.३ अन्तर्राष्ट्रिय समन्वय परिषद्का बैठकहरुमा भाग लिन पाउने तर मतदान गर्न नपाउने र कोरमका लागि गणना नहुने ।<br>१६.१.४ अन्तर्राष्ट्रिय समन्वय परिषद् निश्क्रिय रहन गएमा वा अत्यन्तै विवादित भई संस्था विभाजित हुने अवस्थाको सृजना भएमा संरक्षक परिषद्ले अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई बैठक बस्न निर्देशन दिने र बैठक बस्न नसके वा निर्देशनको पालना नभए सम्पूर्ण राष्ट्रिय समन्वय परिषद्को अध्यक्षहरुको भेला आयोजना गर्ने र संस्थाको संरक्षण गर्ने ।<br>१६.२. **संरक्षक परिषद्को काम कर्तव्य :**<br>१६.२.१ संघले अवलम्बन गर्ने हरेक नीति बमोजिम कार्य सम्पादन गर्ने ।<br>१६.२.२ संघले अघि सारेका कार्यक्रमहरु सम्पन्न गर्न आफ्नो तर्फबाट योगदान गर्ने । | ~~मजबुत पार्दै गैरआवासीय नेपालीहरुको एकताका लागि योगदान गर्न एक प्रमूख संरक्षक सहित बढिमा पाँच जना संरक्षक रहेको संरक्षक परिषद्को व्यवस्था हुनेछ ।~~<br>संघका पुर्व अध्यक्षहरु रहेको एक संरक्षक परिषद्को व्यवस्था हुनेछ । संरक्षक नियुक्ति गर्दा सम्बन्धित व्यक्तीको स्विकृति लिनु पर्नेछ । संरक्षक परिषद सदस्यहरुको चयन अन्तर्राष्ट्रिय समन्वय परिषद्ले दुई वर्षका लागि गर्नेछ ।<br><br>१६.१ **संरक्षक परिषद्को अधिकार :**<br>१६.१.१ गैरआवासीय नेपाली संघको हरेक तहका गतिविधिहरुमा सरिक हुन पाउने ।<br>१६.१.२ गैरआवासीय नेपाली संघको हरेक सूचनाहरु प्राप्त गर्न पाउने ।<br>१६.१.३ अन्तर्राष्ट्रिय समन्वय परिषद्का बैठकहरुमा भाग लिन पाउने तर मतदान गर्न नपाउने र कोरमका लागि गणना नहुने ।<br>~~१६.१.४ अन्तर्राष्ट्रिय समन्वय परिषद् निश्क्रिय रहन गएमा वा अत्यन्तै विवादित भई संस्था विभाजित हुने अवस्थाको सृजना भएमा संरक्षक परिषद्ले अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई बैठक बस्न निर्देशन दिने र बैठक बस्न नसके वा निर्देशनको पालना नभए सम्पूर्ण राष्ट्रिय समन्वय परिषद्को अध्यक्षहरुको भेला आयोजना गर्ने र संस्थाको संरक्षण गर्ने ।~~<br><br>१६.२. **संरक्षक परिषद्को काम कर्तव्य :** | |

| | | | |
|---|---|---|---|
| | १६.२.३ संघको अनुरोध बमोजिम विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न निकायहरुमा वा फोरमहरुमा विविध विषयहरुका लागि संघको प्रतिनिधित्व गर्ने।<br>१६.२.४ संघले तोकेका अन्य कामहरु गर्ने। | १६.२.१ संघले अवलम्बन गर्ने हरेक नीति बमोजिम कार्य सम्पादन गर्ने।<br>१६.२.२ संघले अघि सारेका कार्यक्रमहरु सम्पन्न गर्न आफ्नो तर्फबाट योगदान गर्ने।<br>१६.२.३ संघको अनुरोध बमोजिम विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न निकायहरुमा वा फोरमहरुमा विविध विषयहरुका लागि संघको प्रतिनिधित्व गर्ने।<br>१६.२.४ संघले तोकेका अन्य कामहरु गर्ने। | |
| १७.२ | **अन्तर्राष्ट्रिय समन्वय परिषदमा निम्न पदहरु हुने छन् :**<br>अध्यक्ष – १<br>उपाध्यक्ष – ६<br>(एक महिला र एक युवा अनिवार्य)<br>महासचिव – १<br>सचिव (एक महिला अनिवार्य) – ४<br>कोषाध्यक्ष – १<br>सह-कोषाध्यक्ष – २<br>(एक महिला अनिवार्य)<br>प्रवक्ता – १ (अध्यक्षले चयन गर्ने )<br>महिला संयोजक – १<br>युवा संयोजक – १<br>क्षेत्रिय संयोजक – ६<br>(प्रत्येक क्षेत्रमा १ जना)<br>क्षेत्रिय उपसंयोजक – ६ (कम्तिमा)<br>क्षेत्रिय महिला संयोजक – ६ | **अन्तर्राष्ट्रिय समन्वय परिषदमा निम्न पदहरु हुने छन् :**<br>अध्यक्ष – १<br>वरिष्ठ उपाध्यक्ष – १<br>उपाध्यक्ष – ६<br>महिला उपाध्यक्ष – १<br>युवा उपाध्यक्ष – १<br>महासचिव – १<br>उपमहासचिव -२<br>सचिव – ६<br>महिला सचिव - १<br>प्रवक्ता – १ (अध्यक्षले चयन गर्ने )<br>कोषाध्यक्ष – १<br>सह-कोषाध्यक्ष – १<br>महिला सह-कोषाध्यक्ष – १<br>महिला संयोजक – १<br>युवा संयोजक – १<br>क्षेत्रिय संयोजक – ६ | समय सापेक्ष पदहरु सृजना गर्नु पर्ने भएको हुनाले।<br>प्रवक्ताको मर्यादाक्रम बढाउन बान्छनिय देखिएकोले। ।<br>दोश्रो पुस्ताको सहभागिता बढाउनु पर्ने भएकोले। |

| | | | |
|---|---|---|---|
| | (प्रत्येक क्षेत्रमा १ जना)<br>क्षेत्रिय महिला उपसंयोजक – ६<br>(प्रत्येक क्षेत्रमा १ जना)<br>क्षेत्रिय युवा संयोजक – ६<br>(प्रत्येक क्षेत्रमा १ जना)<br>क्षेत्रिय युवा उपसंयोजक – ६<br>प्रत्येक देशका राष्ट्रिय महाधिवेशनबाट अनुसूचि ७ बमोजिम निर्वाचित आइसिसि सदस्यहरु।<br>विधानको दफा २२.१४.१ बमोजिम मनोनित सदस्यहरु - २१<br>मनोनित सदस्यहरु मध्ये कम्तिमा ७ जना महिला र ७ जना विभिन्न विषयगत विज्ञको सहभागिता हुनु पर्नेछ। २१ जना मध्ये १५ जना संघको अध्यक्षले मनोनित गर्नेछ भने बाँकि अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको बैठकले मनोनित गर्नेछ।<br>एशिया प्रशान्त, युरोप, मध्यपूर्व, उत्तरदक्षिण अमेरिका, अफ्रिका तथा ओसेनिया प्रत्येक क्षेत्रबाट एक जना क्षेत्रिय संयोजक र एक क्षेत्रिय उपसंयोजक निर्वाचित हुनेछन्। राष्ट्रिय समन्वय परिषद्हरुको संख्या १० सम्म भएमा १ जना, १० जना भन्दा बढी २० सम्म भएमा थप १ जना आदिको क्रमले वा पञ्जिकृत सदस्य संख्या १५ हजार सम्म भएमा प्रत्येक १५ हजार सदस्य बराबर १ जना क्षेत्रीय उपसंयोजक निर्वाचित हुने छ। यो विधान लागू भएपछि क्षेत्रीय संयोजक एउटै देशबाट लगातार २ पटक भन्दा बढी निर्वाचित हुन अयोग्य मानिने छ। तर अन्य देशबाट उमेदवारी नपरेमा यो प्रावधान लागू हुने | (प्रत्येक क्षेत्रमा १ जना)<br>क्षेत्रिय उपसंयोजक – ६ (कम्तिमा)<br>क्षेत्रिय महिला संयोजक – ६<br>(प्रत्येक क्षेत्रमा १ जना)<br>क्षेत्रिय महिला उपसंयोजक – ६<br>(प्रत्येक क्षेत्रमा १ जना)<br>क्षेत्रिय युवा संयोजक – ६<br>(प्रत्येक क्षेत्रमा १ जना)<br>क्षेत्रिय युवा उपसंयोजक – ६<br>दोश्रो पुस्ताका गैरआवासीय नेपाली संयोजक - १<br>प्रत्येक देशका राष्ट्रिय महाधिवेशनबाट अनुसूचि ७ बमोजिम निर्वाचित आइसिसि सदस्यहरु।<br>राष्ट्रिय समन्वय परिषदका अध्यक्षहरु पदेन अन्तर्राष्ट्रिय समन्वय परिषदको सदस्य रहनेछन्।<br>विधानको दफा २२.१४.१ बमोजिम मनोनित सदस्यहरु - २१<br>मनोनित सदस्यहरु मध्ये कम्तिमा ७ जना महिला र ७ जना विभिन्न विषयगत विज्ञको सहभागिता हुनु पर्नेछ। २१ जना मध्ये १५ जना संघको अध्यक्षले मनोनित गर्नेछ भने बाँकि अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको बैठकले मनोनित गर्नेछ।<br>एशिया प्रशान्त, युरोप, मध्यपूर्व, उत्तरदक्षिण अमेरिका, अफ्रिका तथा ओसेनिया प्रत्येक क्षेत्रबाट एक जना क्षेत्रिय संयोजक र एक क्षेत्रिय उपसंयोजक निर्वाचित हुनेछन्। राष्ट्रिय समन्वय परिषद्हरुको संख्या १० सम्म भएमा १ जना, १० जना भन्दा बढी २० सम्म भएमा थप १ जना | |

| | | | |
|---|---|---|---|
| | छैन । यो विधान लागू हुनु भन्दा अगाडी निर्वाचित क्षेत्रीय संयोजकहरु यो प्रयोजनका लागि गणना हुने छैन ।<br>पदाधिकारी र सदस्यहरुको मर्यादाक्रम माथि दिईएको क्रमबद्धता अनुसार हुनेछ। | आदिको क्रमले वा पञ्जिकृत सदस्य संख्या ५ हजार भन्दा बढी भएमा प्रत्येक ५ हजार सदस्य बराबर १ जना क्षेत्रीय उपसंयोजक निर्वाचित हुने छ तर सदस्यसँख्याको आधारमा निर्वाचन हुने उपंयोजकको सँख्या ३ भन्दा बढि हुने छैन्। यो विधान लागू भएपछि क्षेत्रीय संयोजक एउटै देशबाट लगातार २ पटक भन्दा बढी निर्वाचित हुन अयोग्य मानिने छ । तर अन्य देशबाट उमेदवारी नपरेमा यो प्रावधान लागू हुने छैन। यो विधान लागू हुनु भन्दा अगाडी निर्वाचित क्षेत्रीय संयोजकहरु यो प्रयोजनका लागि गणना हुने छैन।<br>पदाधिकारी र सदस्यहरुको मर्यादाक्रम माथि दिईएको क्रमबद्धता अनुसार हुनेछ। | |
| १७.५.२ | १७.५.२ अध्यक्ष बाहेकका अन्य पदाधिकारी पदमा उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य वा कुनै पनि राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी पदमा एक कार्यकाल पूरा गरेको हुनुपर्ने छ । अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्य पदका लागि उम्मेदवार बन्न राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य पदमा एक कार्यकाल पुरा गरेको वा कम्तिमा एक पटक अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधि भएको हुनु पर्नेछ।<br>तर भर्खरै गठन भएका राष्ट्रिय समन्वय परिषदको तदर्थ समितिका पदाधिकारी तथा सदस्यहरुहरुले अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी पदमा उमेदवारी दिन अयोग्य मानिने छ। | १७.५.२ अध्यक्ष बाहेकका अन्य पदाधिकारी पदमा उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य वा कुनै पनि राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी पदमा एक कार्यकाल पूरा गरेको हुनुपर्ने छ। तर क्षेत्रीय महिला र युवा संयोजक तथा उपसंयोजकको उम्मेदरवार बन्न निजको माथि उल्लेखित योग्यता पुगेको वा राष्ट्रिय समन्वय परिषद्को सदस्य पदमा एक कार्यकाल पूरा गरेको वा कम्तिमा एक पटक अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधि भएको हुनु पर्नेछ । दोश्रो पुस्ताका गैरआवासीय नेपाली संयोजकको हकमा कुनै पनि योग्यताको आवश्यक पर्ने छैन्।<br>अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्य पदका लागि उम्मेदवार बन्न राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य पदमा एक कार्यकाल पुरा गरेको वा कम्तिमा एक पटक | महिला, युवा र दोश्रो पुस्ताको सहभागिता बढाउनु पर्ने भएकोले। |

| | | | |
|---|---|---|---|
| | | अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधि भएको हुनु पर्नेछ। तर भर्खरै गठन भएका राष्ट्रिय समन्वय परिषदको तदर्थ समितिका पदाधिकारी तथा सदस्यहरुहरुले अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी पदमा उमेदवारी दिन अयोग्य मानिने छ। | |
| २४.१. | प्रत्येक राष्ट्रिय समन्वय परिषद्को राष्ट्रिय महाधिवेशन अन्तर्राष्ट्रिय महाधिवेशन आयोजना हुने वर्षको जुलाई महिनाको १ देखि ३१ तारिख सम्ममा अनिवार्य रुपमा सम्पन्न गर्नु पर्ने छ। दफा १३.७ मा उल्लेखित अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधीहरुको तोकिएको विवरण अगष्ट १५ सम्म अन्तर्राष्ट्रिय समन्वय परिषदको सचिवालयमा पेश गर्नु पर्नेछ। बिशेष कारणबस अन्तर्राष्ट्रिय  महाधिवेशन तोकिएको समयमा सम्पन्न हुन नसकेमा सोही अनुसारको समयान्तरमा राष्ट्रिय महाधिवेशन आयोजना गर्न सकिनेछ। राष्ट्रिय महाधिवेशनले दफा १७.३ अनुसारको अन्तर्राष्ट्रिय समन्वय परिषद्कालागि देशको प्रतिनिधित्व गर्ने अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यको निर्वाचन गर्नेछ। | प्रत्येक राष्ट्रिय समन्वय परिषद्को राष्ट्रिय महाधिवेशन अन्तर्राष्ट्रिय महाधिवेशन आयोजना हुने वर्षको जुलाई महिनाको १ देखि ३१ तारिख सम्ममा अनिवार्य रुपमा सम्पन्न गर्नु पर्ने छ। दफा १३.७ मा उल्लेखित अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधीहरुको तोकिएको विवरण अगष्ट २५ सम्म अन्तर्राष्ट्रिय समन्वय परिषदको सचिवालयमा पेश गर्नु पर्नेछ। बिशेष कारणबस  अन्तर्राष्ट्रिय  महाधिवेशन तोकिएको समयमा सम्पन्न हुन नसकेमा सोही अनुसारको समयान्तरमा राष्ट्रिय महाधिवेशन आयोजना गर्न सकिनेछ । राष्ट्रिय महाधिवेशनले दफा १७.३ अनुसारको अन्तर्राष्ट्रिय समन्वय परिषद्कालागि देशको प्रतिनिधित्व गर्ने अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यको निर्वाचन गर्नेछ । | नवनिर्वाचित एनसिसिले महाधिवेशन छान्ने समय प्रयाप्त नभएकोले। |
| परिभाषामा थप्नु पर्ने | | दोश्रो पुस्ताको गैरआवासीय नेपाली भन्नाले विदेशमा जन्मेर र विदेशमा हुर्केको वा विदेशमा माध्यममिक विधालय तह सम्म अध्यन गरेको ३० वर्ष नकाटेको गैरआवासीय नेपालीलाई बुझिनेछ। | |
| | परिभाषामा थप्नु पर्ने | संघको सदस्यता वितरण, प्रतिनिधि छनोट तथा निर्वाचनमा देखिने विवाद सम्पन्न गर्न एक न्यायीक आयोग गठन गरिनेछ । न्यायिक आयोगको छुट्टै | |

| | | | |
|---|---|---|---|
| | | नियमावली हुनेछ। | |
| २२.२ | उपाध्यक्ष : दफा १७.२ मा उल्लेख भए बमोजिम ६ जना उपाध्यक्षहरुले वैदेशिक रोजगार विभाग, व्यापार तथा लगानी विभाग, मानवकल्याण विभाग, ज्ञान सिप र नवप्रवर्तन विभाग, महिला र युवा विभागको नेतृत्व गर्ने छन्।<br>अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी तथा सदस्यहरु र सम्बन्धित क्षेत्रमा अनुभव भएका र उल्लेख्य योगदान दिनसक्ने ब्यक्तिहरु आफ्नो दक्षता अनुसार विभागका सदस्यहरु हुनेछन्। विभाग अन्तर्गत विभिन्न समिति, उपसमिति र कार्यदलहरु बन्ने छन्। | उपाध्यक्ष : दफा १७.२ मा उल्लेख भए बमोजिम ८ जना उपाध्यक्षहरुले वैदेशिक रोजगार विभाग, व्यापार तथा लगानी विभाग, मानवकल्याण विभाग, ज्ञान सिप र नवप्रवर्तन विभाग, नेपाल प्रवर्धन विभाग, गैरआवासीय नेपाली हकहित विभाग, महिला र युवा विभागको नेतृत्व गर्ने छन्।<br>अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी तथा सदस्यहरु र सम्बन्धित क्षेत्रमा अनुभव भएका र उल्लेख्य योगदान दिनसक्ने ब्यक्तिहरु आफ्नो दक्षता अनुसार विभागका सदस्यहरु हुनेछन् । विभाग अन्तर्गत विभिन्न समिति, उपसमिति र कार्यदलहरु बन्ने छन्। | |
| २२.३ | महासचिवको काम र कर्तव्यमा थप्नु पर्ने | २२.३.९ संगठन विभागको नेतृत्व गर्ने। | |
| २२.५ | कोषाध्यक्षको काम र कर्तव्यमा थप्नु पर्ने | २२.५.११ कोष विभागको नेतृत्व गर्ने। | |
| २६.५.२ | गैरआवासीय नेपाली फाउन्डेसन (NRN Foundation):<br>गैरआवासीय नेपाली फाउन्डेसन एक पूर्ण अधिकार संपन्न संचालक समिति (Board of Directors) बाट संचालन हुने छ।<br>संघका अध्यक्ष संचालक समिति (Board of Directors) का पदेन सदस्य रहने छन्। संघका भुतपुर्ब अध्यक्ष वा विभिन्न क्षेत्रमा उल्लेखनीय दक्षता राख्ने, योगदान दिएका र फाउन्डेसनलाइ उल्लेखनीय योगदान दिन सक्ने गैरआवासीय नेपालीहरु मध्येबाट ६ जना र कानुन, अर्थ , समाज शास्त्र लगायत विभिन्न क्षेत्रमा दक्षता प्राप्त एवं फाउन्डेसनलाइ उल्लेखनीय योगदान | गैरआवासीय नेपाली फाउन्डेसन (NRN Foundation):<br>गैरआवासीय नेपाली फाउन्डेसन एक पूर्ण अधिकार संपन्न संचालक समिति (Board of Directors) बाट संचालन हुने छ।<br>संघका अध्यक्ष, कोषाध्यक्ष र मानवकल्याण विभाग प्रमुख संचालक समिति (Board of Directors) का पदेन सदस्य रहने छन् । संघका भुतपुर्ब अध्यक्ष वा विभिन्न क्षेत्रमा उल्लेखनीय दक्षता राख्ने, योगदान दिएका र फाउन्डेसनलाइ उल्लेखनीय योगदान दिन सक्ने गैरआवासीय नेपालीहरु मध्येबाट ६ जना र कानुन, अर्थ , समाज शास्त्र लगायत विभिन्न क्षेत्रमा दक्षता प्राप्त एवं फाउन्डेसनलाइ उल्लेखनीय योगदान दिन सक्ने मध्येबाट | संघ र फाउण्डेसनको सम्बन्धलाई बलियो बनाउनका लागि। |

| | | | |
|---|---|---|---|
| | दिन सक्ने मध्येबाट ५ जना सदस्य रहने गरि ११ सदस्यीय संचालक समिति गठन गरिनेछ । यसरि गठित संचालक समितिमा कम्तिमा ३ जना महिला सदस्यको सहभागिता गराउनुपर्ने छ। संचालक समिति (Board of Directors) को गठन र कोष लगायत फाउण्डेसन संचालन सम्बन्धि बाँकी सम्पूर्ण कार्य गैरआवासीय नेपाली फाउन्डेसन सम्बन्धि नियमावलीको अधिनमा रही गरिनेछ। | ५ जना सदस्य रहने गरि ११ सदस्यीय (संघका अध्यक्ष, कोषाध्यक्ष र मानवकल्याण विभाग प्रमुख सहित) संचालक समिति गठन गरिनेछ । यसरि गठित संचालक समितिमा कम्तिमा ३ जना महिला सदस्यको सहभागिता गराउनुपर्ने छ। संचालक समिति (Board of Directors) को गठन र कोष लगायत फाउण्डेसन संचालन सम्बन्धि बाँकी सम्पूर्ण कार्य गैरआवासीय नेपाली फाउन्डेसन सम्बन्धि नियमावलीको अधिनमा रही गरिनेछ । | |
| २६.१ | संघको कोषमा पंजीकृत सदस्यता शुल्क, विभिन्न व्यक्तिहरुबाट प्राप्त अनुदान, राष्ट्रिय समन्वय परिषदबाट प्राप्त अनुदान रकम र संघको विभिन्न क्रियाकलापहरुबाट प्राप्त हुने रकमहरु सामेल हुनेछन् । | संघको कोषमा निम्न अनुसार रकमहरु सामेल हुनेछन्<br>क. पंजीकृत सदस्यता शुल्क,<br>ख. आइसिसि सदस्यता शुल्क तथा लेवी<br>ग. विभिन्न स्वदेशी तथा विदेशी व्यक्तिहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संगठित संघ संस्थाहरु र सरकारी/गैरसरकारी निकायहरु बाट प्राप्त अनुदान रकमहरु<br>घ. राष्ट्रिय समन्वय परिषदबाट प्राप्त अनुदान रकमहरु<br>ङ. दीर्घकालीन आर्थिक स्थायित्वको लागी संस्थाको बचत अथवा स्थायी कोष बाट सामाजिक तथा गैरनाफामुलक कार्यमा लगानी गरी आम्दानी गर्न सक्ने छ ।<br>च. संघले विभिन्न संस्थागत Loyalti Program, Royalty Programs बाट आम्दानी प्राप्त गर्न सक्ने छ ।<br>छ. Skilled Volunteering, time donation तथा बौद्धिक लगानी मार्फत फण्ड प्राप्त गर्न सक्ने ।<br>ज. विभिन्न संगठित संस्थाबाट उपलब्ध हुनसक्ने संस्थाको उत्तरदायित्व अन्तर्गत छुट्याईएको रकम प्राप्त गर्न सक्ने<br>झ. प्रचलित कानुन अनुसार सामाजिक संजालहरु मार्फत एवं अनलाइन गतिविधिहरु (जस्तै युटुब) बाट प्राप्त हुने | |

| | | | |
|---|---|---|---|
| | | रकमहरु<br>ञ. संघको विभिन्न क्रियाकलापहरुबाट प्राप्त हुने रकमहरु | |
| अनुसूची ६ | अनुसूची ६ मा थप्नु पर्ने | प्रतिनिधिहरुको सँख्या राष्ट्रिय महाधिवेशनको निर्वाचनमा भाग लिएका पञ्जीकृत सदस्यहरुको आधारमा निर्धारण गरिने छ। | |
| अनुसूची ६(क) | **महाधिवेशन प्रतिनिधि चयन प्रक्रिया**<br>अन्तर्राष्ट्रिय समन्वय परिषद् र राष्ट्रिय परिषद्का हाल र विगतमा काम गरिसकेका व्यक्तिहरुबाट ६५% प्रतिनिधिहरु निम्न प्राथमिकताको आधारमा चयन हुने छन्।<br>१) अन्तर्राष्ट्रिय समन्वय परिषद्का वर्तमान तथा पूर्व संरक्षक, पूर्व पदाधिकारी तथा वर्तमान सल्लाहकारहरु<br>२) राष्ट्रिय समन्वय परिषद्का वर्तमान तथा पूर्व अध्यक्षहरु एवं अन्तर्राष्ट्रिय समन्वय परिषदका पूर्व सदस्यहरु<br>३) अन्तर्राष्ट्रिय समन्वय परिषद्को विद्यमान अनुशासन समिति, विधान व्याख्या समिति र विधान संशोधन सुझाव समितिका संयोजक<br>४) राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरु एवं पछिल्लो निर्वाचनमा अध्यक्ष पदका उपविजेता<br>५) विधानत गठित अन्तर्राष्ट्रिय समन्वय परिषदका विद्यमान मानार्थ सदस्यहरु<br>६) अन्तर्राष्ट्रिय समन्वय परिषद् अन्तर्गत गठन भएका विद्यमान समिति तथा कार्यदलका संयोजकहरु र विधान समितिका उपसंयोजक | **दफा १३.७(क) मा उल्लेखित ९०% महाधिवेशन प्रतिनिधि चयन प्रक्रिया**<br>अन्तर्राष्ट्रिय समन्वय परिषद् र राष्ट्रिय समन्वय परिषदमा निम्न पदमा एक कार्यकाल काम गरि सकेका र संघका आवद्द व्यक्तिहरुबाट ९०% प्रतिनिधिहरु निम्न प्राथमिकताको आधारमा चयन हुने छन्।<br>१) अन्तर्राष्ट्रिय समन्वय परिषद्का पूर्व संरक्षक, पूर्व पदाधिकारी, पूर्व मानार्थ परिषद सदस्यहरु<br>२) अन्तर्राष्ट्रिय समन्वय परिषद् अन्तर्गत गठित समिति तथा कार्यदलका संयोजक पदमा एक कार्यकाल काम गरेका व्यक्तीहरु।<br>३) अन्तर्राष्ट्रिय समन्वय परिषद्को विद्यमान अनुशासन समिति, विधान व्याख्या समिति र विधान संशोधन सुझाव समितिका संयोजक।<br>४) राष्ट्रिय समन्वय परिषद्का नवनिर्वाचित कार्यसमितिका पदाधिकारी र सदस्यहरु। यस्ता प्रतिनिधिको सँख्या पञ्जिकृत सदस्यहरुको सँख्याको आधारमा निम्नानुसार हुनेछ।<br>पञ्जिकृत सदस्य प्रतिनिधि सँख्या<br>१०० सम्म ११ जना सम्म<br>५०० सम्म १३ जना सम्म | अन्तर्राष्ट्रिय समन्वय परिषदका बहालवाला पदाधिकारीहरु, सदस्यहरु, संरक्षकहरु, सल्लाहकारहरु, मानार्थ परिषद सदस्यहरु र नवनिर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्य र राष्ट्रिय समन्वय परिषदका नव निर्वाचित अध्यक्षहरु सबै स्वत प्रतिनिधि हुनेछन् व्यवस्था १३.७ (ङ) मा प्रस्ताव गरिएकोले यस दफाबाट हटाइएको। |

| | | | |
|---|---|---|---|
| | तथा सदस्यहरु<br>७) राष्ट्रिय समन्वय परिषद्का सदस्यहरु<br>८) राष्ट्रिय समन्वय परिषद्का पूर्व पदाधिकारी तथा सदस्यहरु<br>प्राथमिकताको सूचीमा रहेका व्यक्तिहरुले राष्ट्रिय समन्वय परिषद्को निर्वाचन पूर्व तोकिएको प्रणालीमा आफ्नो नाम दर्ता गराउनु पर्नेछ। | १००० सम्म १७ जना सम्म<br>३००० सम्म २१ जना सम्म<br>५००० सम्म २५ जना सम्म<br>१०००० सम्म ३५ जना सम्म<br>२०००० सम्म ४५ जना सम्म ।<br><br>५) नयाँ राष्ट्रिय समन्वय परिषद्को निर्वाचनमा पदाधिकारीमा उम्मेदरवार भइ निकटतम मत प्राप्त गरेका उपविजेताहरु । तर यस्ता निकटम उम्मेदरवारहरुले जम्मा मतदाताको सँख्याको १०% मत प्राप्त गरेको हुनु पर्नेछ।<br>६) नयाँ अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यको निर्वाचनमा उम्मेदरवार भइ निकतम प्रतिद्वन्दी १ जना।<br>७) राष्ट्रिय समन्वय परिषद्का नवनिर्वाचित क्षेत्रीय संयोजकहरु।<br>८) अन्तर्राष्ट्रिय समन्वय परिषदका पूर्व सदस्यहरु<br>९) राष्ट्रिय समन्वय परिषद्का पूर्व अध्यक्षहरु<br>१०) राष्ट्रिय समन्वय परिषद्का संरक्षकहरु।<br>११) राष्ट्रिय समन्वय परिषद्का पूर्व पदाधिकारी तथा सदस्यहरु।<br>१२) राष्ट्रिय समन्वय परिषद्का सल्लाहकारहरु।<br>१३) अन्तर्राष्ट्रिय महाधिवेशनमा कम्तिमा एक पटक भाग लिएका व्यक्तीहरु।<br>१४) राष्ट्रिय समन्वय परिषद् अन्तर्गत गठन | |

| | | | |
|---|---|---|---|
| | | भएका विद्यमान समिति तथा कार्यदलका संयोजकहरु ।<br>१५) गैरआवासीय नेपाली संघसँग विभिन्न किसिमले आवद्द भइ योगदान गरेका व्यक्तीहरु । | |

नोट १) सामान्य भाषागत शुद्दता तथा कानूनी भाषा सुधार गर्न बाँकि ।
नोट २) संशोधनको लागि प्रस्तावित दफाहरुसँग सम्बन्धित अन्य दफाहरु परिवर्तन योग्य मानिनेछ ।
नोट ३) नयाँ प्रावधानहरुले पुराना प्रावधानहरुलाई प्रतिस्थापित गर्नु पर्ने र विधानको सिलसिला मिलाउन मुल आसयमा फरक नपर्ने गरी थप परिस्कृत गरिने छ ।